उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश , नेपाल (Bagmati Province , Nepal)
वेवसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

X5RM+R5

प.सं.(Ref. No.) २०७९/०८०
च.नं.(Issue No.)

# छात्रवृत्ति वितरणका लागि आवेदन आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।१२।२६

यस गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम चालु आर्थिक वर्ष २०७९।८० मा नयाँ शैक्षिक सत्र प्रारम्भ गरेका गाउँपालिकाभित्र स्थायी बसोबास भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ बमोजिम तपशिलका शैक्षिक कार्यक्रम र संख्याका लागि उल्लेखित रकमसहितको छात्रवृत्ति प्रासिको लागि सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र शिक्षा युवा तथा खेलकुद शाखामा आवश्यक कागजातसहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | शैक्षिक कार्यक्रम | माग संख्या | छात्रवृत्ति रकम (प्रतिवर्ष) | कैफियत |
|---|---|---|---|---|
| १ | एम.वि.वि.एस. अध्ययन | १ | ३,००,०००/- | |
| २ | सिभिल ईन्जिनियरिङ अध्ययन | १ | १,२५,०००/- | |
| ३ | आर्किटेक्ट इन्जिनियरिङ अध्ययन | १ | १,२५,०००/- | |
| ४ | शुद्ध विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | |
| ५ | शिक्षा विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | |
| ६ | कृषि विज्ञान (प्राविधिक धार ३ वर्षे) | ५ | २०,०००/- | |
| ७ | पशु विज्ञान (प्राविधिक धार ३ वर्षे) | ५ | २०,०००/- | |
| ८ | सव इन्जिनियर सिविल | ३ | २०,०००/- | |
| ९ | सव इन्जिनियर मेकानिकल | १ | २०,०००/- | |
| १० | नापी सर्वेक्षक | १ | २०,०००/- | |
| ११ | हेल्थ असिस्टेन्ट | २ | २०,०००/- | |

आवश्यक कागजातहरुः

१. सम्बन्धित विद्यार्थी आवेदन फाराम सहित छात्रवृतिको आवश्यकता र आफ्नो प्रतिवद्धता खुलेको अनुसूचि १ बमोजिमको विद्यार्थी र अभिभावक/संरक्षकद्वारा हस्ताक्षरित निवेदन ।

२०७९/१२/२६

वेवसाइटः www.uttargayamun.gov.np
इमेलः uttargayarm@gmail.com

उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय

(Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश , नेपाल (Bagmati Province , Nepal)

X5RM+R5

प.सं.(Ref. No.) २०७९/०८०
च.नं.(Issue No.)

२. सूचना प्रकाशित भएको आर्थिक वर्षमा शुरु हुने शैक्षिक सत्रको कार्यक्रम भएको र सोही अनुरुप अध्ययन गरिरहेको सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

३. उत्तरगया गाउँपालिकाको स्थायी बासिन्दा भएको सम्बन्धित वडा कार्यालयको सिफारिस, स्थायी ठेगाना खुल्नेगरी सम्बन्धित विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित परिवारको मतदाता परिचय पत्रको प्रतिलिपी,

४. घरपरिवारमा कुनै सदस्यको आम्दानीको स्रोत नभएको आर्थिक अवस्था समेत उल्लेख गरिएको वडा कार्यालयको सिफारिस ( विपन्न वर्गको हकमा)

५. सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिस,

६. शैक्षिक प्रमाणपत्रहरु सबै ।

७. अध्ययन गरेको शिक्षण संस्थामा भर्ना भई अध्ययन गरिरहेको कागजात (विषय क्षेत्र परिचयपत्र, भर्ना रसिद,शैक्षिक उपलब्धिको प्रमाणपत्र(आन्तरिक परीक्षाको लब्धाङ्कपत्र) )

८. अन्य कुनै छात्रवृति नपाएको भनी सम्बन्धित शैक्षिक संस्थाको सिफारिस ।

नोटः छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका लागि अन्य शर्तहरु छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ मा भएबमोजिम हुनेछ, थप जानकारीको लागि गाउँपालिकाको वेभसाइट uttargayamun.gov.np वा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ ।

.........................................
दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत